apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १६९ ● पृष्ठः ४ ● २२ असार २०८३ सोमबार (06 July 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार पृष्ठ २ असारे विकासको चटारोमा बालेन सरकार, चार दिन बाँकी रहँदा दैनिक अर्बमाथि खर्च गर्दै

# मधेश प्रदेश सरकारविरुद्ध प्रतिपक्षी दल आक्रामक, बजेट संशोधनको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**




मधेश प्रदेश सरकारद्वारा लोक सेवा आयोग र जनलोकपाल आयोगमा गरिएको नियुक्ति तथा आगामी आर्थिक वर्षको बजेटप्रति असन्तुष्टि जनाउँदै प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालसहितका प्रतिपक्षी दलहरू आक्रामक रूपमा प्रस्तुत भएका छन्।

जसपा नेपालको नेतृत्वमा प्रतिपक्षी दलहरूले आइतबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै आयोगहरूमा संसदीय अभ्यासविपरीत नियुक्ति गरिएको आरोप लगाएका छन्। उनीहरूले उक्त नियुक्ति खारेज गर्न तथा बजेटमा व्यापक सुधार गर्न सरकारसँग मागसमेत गरेका छन्। प्रतिपक्षी दलहरूले सरकारले नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्राथमिकताविपरीत कमिसनमुखी बजेट ल्याएको आरोप लगाउँदै समयमै सुधार नगरिए प्रदेश सभामा बजेट प्रस्तुत गर्न नदिने चेतावनी दिएका छन्।

सम्मेलनमा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले मुख्यमन्त्री कृष्णा यादव नेतृत्वको सरकारले अव्यवस्थित ढंगले बजेट ल्याएको आरोप लगाउँदै यस्तो बजेट कुनै पनि हालतमा स्वीकार्य नहुने बताए। एक करोड रुपैयाँभन्दा कमका योजना नल्याउने प्रतिबद्धता जनाएको सरकारले एउटै शीर्षकअन्तर्गत १० वटा योजना समेटेर जनतालाई भ्रममा पार्ने प्रयास गरेको उनले आरोप लगाए।

त्यसैगरी, पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले सरकारले कमिसनमुखी बजेट ल्याएको दाबी गर्दै पोषण कार्यक्रमका नाममा विनियोजित बजेट नीतिगत भ्रष्टाचारको उदाहरण भएको बताए।

पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले जनताको भरोसामाथि विश्वासघात हुने गरी सरकारले बजेट ल्याएको भन्दै यस्तो बजेट स्वीकार्य नहुने स्पष्ट पारे।

पूर्वअर्थमन्त्री सञ्जय यादवले

बाँकी पृष्ठ २ ▸▸

# उपसभामुख ठाकुर ३१ असारमा तिब्बत जाने

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**



उपसभामुख रुबीकुमारी ठाकुर चीनको तिब्बत स्वायत्त क्षेत्रमा आयोजना हुने कार्यक्रममा सहभागी हुन जाने भएकी छिन्। उनी ३१ असारमा जाने र ३ साउनमा फर्किने कार्यक्रम तय भएको छ।

उपसभामुखका रूपमा ठाकुरको यो पहिलो विदेश भ्रमण हो। कूटनीतिक स्रोतका अनुसार तिब्बतको लिन्जीमा आयोजना हुने 'ट्रान्स-हिमालयन फोरम'मा सहभागी हुन उनी जान लागेकी हुन्।

फोरम ३२ असारदेखि २ साउनसम्म आयोजना हुनेछ। ठाकुरसँग तिब्बत सरकार र चिनियाँ कम्युनिस्ट पार्टी, तिब्बत क्षेत्रका नेताहरूको पनि भेटवार्ताको तयारी छ। ट्रान्स-हिमालयन फोरममा चीनले विभिन्न देशका नेता, व्यवसायी र विज्ञहरूलाई आमन्त्रण गरेको छ।

गत वर्ष यो कार्यक्रममा चीनका लागि तत्कालीन नेपाली राजदूत डा. कृष्णप्रसाद ओली र ल्हासास्थित नेपाली महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला सहभागी भएका थिए। यस वर्ष उपसभामुख ठाकुर

बाँकी पृष्ठ ४ ▸▸

# असार लागेपछि मधेश प्रदेशको खर्चमा तीव्र वृद्धि : १८ दिनमै ३ अर्ब ३२ करोड रुपियाँ खर्च

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**




मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो ११ महिनामा ९ अर्ब ९७ करोड रुपियाँ खर्च गरेकामा आर्थिक वर्षको अन्तिम महिना असार सुरु भएयता १८ दिनमै थप ३ अर्ब ३२ करोड रुपियाँ खर्च गरेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार असार १८ गतेसम्म प्रदेश सरकारले कुल १३ अर्ब २९ करोड ६६ लाख ६८ हजार १६४ रुपैयाँ खर्च गरेको छ, जुन कुल विनियोजित बजेटको २८.३० प्रतिशत हो। जेठ मसान्तसम्म खर्च २१.२४ प्रतिशत अर्थात् करिब ९ अर्ब ९७ करोड रुपैयाँमा सीमित रहेकामा त्यसयता १८ दिनमै थप ७.०६ प्रतिशत अर्थात् करिब ३ अर्ब ३२ करोड रुपियाँ निकासा भएको तथ्याङ्कले देखाएको छ। आर्थिक वर्षको अन्तिममा हुने 'असारे खर्च' पुनः दोहोरिएसँगै बजेट कार्यान्वयन, सरकारी संयन्त्रको कार्यक्षमता तथा खर्चको गुणस्तरबारे प्रश्न उठ्न थालेको छ।

कार्यालयका सूचना अधिकारी निरेन्द्रलाल कर्णका अनुसार हालसम्म चालुतर्फ ६ अर्ब ७२ करोड ८८ लाख तीन हजार ९९९ रुपियाँ अर्थात् ४३.०२ प्रतिशत तथा पुँजीगततर्फ ६ अर्ब ५६ करोड ७८ लाख ६४ हजार १६५ रुपियाँ अर्थात् २०.९६ प्रतिशत बजेट खर्च भएको छ।

जेठ मसान्तसम्म चालुतर्फ ३६.२२ प्रतिशत र पुँजीगततर्फ १३।७६ प्रतिशत मात्रै खर्च भएको थियो। असार लागेपछि दुवै शीर्षकमा खर्चको गति उल्लेख्य रूपमा बढेको देखिएको छ।

तथ्याङ्कअनुसार वर्षभर योजना कार्यान्वयनमा सुस्त देखिएको प्रदेश सरकार अन्तिम महिनामा ठूलो रकम भुक्तानी गर्न केन्द्रित

बाँकी पृष्ठ ४ ▸▸

# मुआब्जा विवाद टुंगियो, बिजलपुरा–बर्दिबास रेल्वे निर्माणले लियो गति

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**




मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै जयनगर-बर्दिबास १८ किलोमिटर रेलमार्ग निर्माणले गति लिएको छ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जग्गा मुआब्जासम्बन्धी विवाद समाधान भएसँगै आगामी दुई वर्षभित्र बर्दिबाससम्म रेल सेवा सञ्चालन गर्ने लक्ष्यका साथ निर्माण कम्पनी इरकन इन्टरनेसनलले काम थालेको छ।

धनुषा र महोत्तरीमा धमाधम ट्र्याक निर्माण भइरहेको छ।

जयनगर-बर्दिबास ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगर-कुर्था खण्डमा २०७८ चैत १९ गतेदेखि नियमित रुपमा रेल सेवा सञ्चालन हुँदै आएको छ।

यसैबीच, नेपाल रेल्वे कम्पनीले अतिक्रमणमा परेको आफ्नो जग्गाको खोजी सुरु गरेको छ। विभिन्न स्थानमा रेल्वेको जग्गा अतिक्रमण भएको पाइएपछि नक्साका आधारमा खोजी थालिएको महाप्रबन्धक पराजुलीले बताए।

जयनगर-बर्दिबास रेलमार्ग नेपाल र भारतबीचको महत्वपूर्ण सीमापार रेल परियोजना हो। यो ब्रोडगेज रेलमार्ग नेपाल-भारत द्विपक्षीय सहकार्यअन्तर्गत निर्माणाधीन छ।

यो परियोजनाले दुई देशबीचको आवागमन, व्यापार तथा आर्थिक गतिविधिलाई सहज बनाउनुका साथै नेपालको रेल पूर्वाधार विस्तारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# भदौ २४ मा संलग्नविरुद्ध चलेको मुद्दाको सुनुवाइ अघि नबढाउन महान्यायाधिवक्ताको आग्रह

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २१ गते**




सरकारले भदौ २३ र २४ को घटनामा संलग्न भएको आरोपमा विभिन्न अदालतमा दायर मुद्दाहरूको सुनुवाइ अघि नबढाउने रणनीति अपनाएको छ।

सरकारले अदालतमा विचाराधीन मुद्दा अघि नबढाउन अनुरोधसहितको पत्र महान्यायाधिवक्ता कार्यालयमा पठाएको हो। उक्त अनुरोध पत्र प्राप्त भएसँगै महान्यायाधिवक्ता कार्यालयले देशभरका सरकारी वकिल कार्यालयहरुलाई यस्तो परिपत्र गरेको छ।

सरकारले जेनजी आन्दोलनसँग सम्बन्धित घटनामा संलग्न भएको आरोपमा विभिन्न व्यक्तिमाथि मुद्दा दायर गरेको थियो। ती मुद्दा फिर्ता गर्न सकिने वा नसकिनेबारे छानबिन गरी सिफारिस गर्न कार्यदल गठन गरेको हो। कार्यदल गठनको तयारी भएको र त्यसले आगामी दिनमा काम सुरु गरिहाल्ने भन्दै गृह मन्त्रालयले त्यसको प्रतिवेदन पेश नभएसम्म अदालतमा विचाराधीन मुद्दाहरु अघि नबढाउन आग्रह गर्दै महान्यायाधिवक्ता कार्यालयमा अनुरोध गरेको थियो।

त्यसपछि महान्यायाधिवक्ता कार्यालयले देशभरका सरकारी वकिल कार्यालयहरूमा परिपत्र पेस गरेर प्रतिवेदन पेस नभएसम्म अदालतमा विचाराधीन मुद्दा अघि नबढाउन अनुरोध गरेको हो।

महान्यायाधिवक्ता कार्यालयले सर्वोच्च अदालतमा समेत पत्रको बोधार्थ पठाएको छ। सरकारको यो निर्णयबाट जेनजी आन्दोलनमा भएको तोडफोड र विध्वंशका घटनामा संलग्नहरूमाथिको अनुसन्धान अब तत्कालका लागि अघि बढ्नेछैन। अदालतमा विचाराधीन मुद्दाहरूको

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# असारे विकासको चटारोमा बालेन सरकार, चार दिन बाँकी रहँदा दैनिक अर्बमाथि खर्च गर्दै

प्रयास श्रेष्ठ



आर्थिक वर्ष २०८२/८३ को अब आखिरी समय आएको छ । असार मसान्त नजिकिएसँगै यो वर्षको सबै सरकारी खर्चको भुक्तानीको चापमा यतिबेला सरकार छ । नियमअनुसार बजेट खर्चको भुक्तानीका लागि अब सरकारसँग जम्माजम्मी चार दिन मात्र बाँकी छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीअनुसार आर्थिक वर्ष सकिने असार मसान्तको समय सीमाभन्दा कम्तीमा एक साता अघिनै सरकारी भुक्तानी रोक्नुपर्छ । यो भनेको चालु आर्थिक वर्षका लागि २४ असारसम्मको समय हो । बजेट खर्चको पुँजीगत तथा नियमित (चालु खर्च) को समेत भुक्तानी यही समयसीमा भित्र गरिसक्नुपर्ने हुन्छ, जुन दबाबमा यतिबेला बालेन सरकार छ ।

### दैनिक अर्बमाथि भुक्तानी गरिँदै

सामान्यतया बजेट खर्चको भुक्तानी, रकम निकासा २० असारभित्र गरिसक्नुपर्ने हो । यसपछिको अवधिमा सबै सरकारी भुक्तानी रोक्नुपर्ने हुन्छ । तथापि, महालेखा नियन्त्रक कार्यालयको विशेष निर्णयबाट तोकिएका केही अनिवार्य दायित्व (भुक्तानी) को म्याद भने २५ असारसम्म थप गर्न सकिने व्यवस्था छ ।

अवकाशप्राप्त कर्मचारीको उपदान, सञ्चित बिदा र औषधिउपचार बापतको रकम २५ असारसम्म गर्न सकिने महालेखा नियन्त्रकको कार्यालय जानकारी दिएको छ । तर, अनिवार्य दायित्व केही परियोजनाहरूको विविध कारणले रोकिएका भुक्तानीलाई समेत सहजीकरण गर्न असार मसान्त सकिने मितिको कम्तीमा एक साताभित्रको समय दिइएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ, जसको भरपूर उपयोग गर्दै सरकारले आखिरी समयमा धमाधम भुक्तानीलाई तीव्रता दिइरहेको छ, जुन यसअघिकै असारे विकासको प्रवृत्ति, सोही झझल्को यसपटक पनि देखिएको छ ।

शुक्रबार मात्र सरकारले पौने २ अर्बमाथिको भुक्तानी दिएको छ । १९ असार २०८३ को मध्यरातसम्ममा १ अर्ब ८२ करोड ९ लाख रुपैयाँ सरकारी भुक्तानी गरिएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । योसँगै यो वर्षको बजेट खर्च १४ खर्ब ७१ अर्ब ७१ करोड अर्थात् विनियोजित बजेटको ७४.९३ प्रतिशत पुगेको छ ।

केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धको अघिल्लो सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँबराबरको बजेट ल्याएको थियो ।

कुल बजेटमध्ये चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ छुट्याएको सरकारले विकास खर्च (पुँजीगत) तर्फ ४ खर्ब ७ अर्ब ८८ करोड रुपैयाँ बजेट छुट्याएको छ । तर, आर्थिक वर्षको अन्तिसम्मसम्ममा चालुतर्फ विनियोजित बजेटको अधिकतम ८४.८७ प्रतिशत बजेट खर्च हुँदैगर्दा पुँजीगत खर्चतर्फ जम्मा ३६.५५ प्रतिशत मात्र खर्च हुन सकेको छ ।

### कमजोर पर्फर्मेन्समा बालेन सरकार

अर्थविद् डा. डिल्लीराज खनाल वालेन्द्र शाह (बालेन) सरकार बजेट खर्चमा इतिहासमै कमजोर स्थितिमा रहेको बताउँछन् । खासगरी जेन-जी विद्रोहका कारण राजनीतिक सत्ता उलटफेर भएको वर्ष मध्यपूर्वमा चर्किएको द्वन्द्वको असरले समेत यो वर्ष सरकारी खर्च प्रभावित बन्न पुगेको छ ।

पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धि, औद्योगिक कच्चा पदार्थको अभाव, रड, सिमेन्टलगायत मेसिनरी औजारहरूको अभावका कारण विकास निर्माणका गतिविधि प्रायः ठप्प हुँदा सरकारको पुँजीगत खर्च प्रभावित हुन पुगेको खनालको भनाइ छ ।

तथापि, बालेन सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अघिल्लो सरकारको बजेट कार्यान्वयनमा उति जाँगर नदेखाएको तर्क गर्छन् ।

उनले भने, 'जे भने पनि अर्थमन्त्री वाग्लेले चालु वर्षको बजेट कार्यान्वयनमा उति जागर नचलाएको साँचो हो । जेन-जी विद्रोह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारण प्रभावित यो वर्षको बजेट खर्चका लागि सरकारले खास योजना ल्याउन नसकेकै हो, जसको असर यो वर्ष विकास खर्च इतिहासमै कमजोर बन्ने खतरा देखिएको छ ।'

असार अन्तिसम्म पुँजीगत खर्च ४० प्रतिशत पनि नपुग्नुले अर्थमन्त्री वाग्ले र रास्वपा सरकारले आउँदो वर्षका लागि राखेको ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यमा समेत धक्का पुग्ने निश्चित भएको उनले बताए ।

उसो त अघिल्लो आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म पुँजीगत खर्च विनियोजित बजेटको ६३.२ प्रतिशत बराबर भएको थियो । कुल १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेटमा विकास खर्चतर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ छुट्याइएको थियो । जसमध्ये आर्थिक वर्षभित्र २ खर्ब २२ अर्ब २६ करोड रुपैयाँ खर्च भएको थियो ।

यस्तै, आर्थिक वर्ष २०८०/८१ मा पुँजीगत खर्च ३ खर्ब २ अर्ब ७ करोड रुपैयाँ छुट्याइएकोमा अन्तिमसम्ममा १ खर्ब ९१ अर्ब ७३ करोड अर्थात् विनियोजित बजेटको ६३.४७ प्रतिशत खर्च भएको थियो । तर, यो वर्ष विनियोजित बजेटको पुँजीगततर्फ ५० प्रतिशत खर्च नपुग्ने देखिएपछि सरकारको कमजोरी देखिने भएको हो । १९ असारसम्म जम्मा ३६.५५ प्रतिशत खर्च हुँदैगर्दा बाँकी चार दिनमा बढीमा १० प्रतिशत खर्च बढ्ने महालेखा नियन्त्रकको कार्यालयको अनुमान छ ।

बरु यो वर्ष विकास खर्चभन्दा बढी सार्वजनिक ऋणको सावाँ ब्याज भुक्तानी (वित्तीय व्यवस्थापन) तर्फ खर्च भएको छ । २० असारसम्ममा पुँजीगत खर्च १ खर्ब ४९ अर्ब १० करोड हुँदा वित्त व्यवस्थापनतर्फ ३ खर्ब २० अर्ब ३४ करोड रुपैयाँ खर्च भएको छ । यो पुँजीगत खर्चको तुलनामा दोब्बरभन्दा बढीको खर्च हो ।

सरकारले चालु वर्षका लागि सार्वजनिक ऋणको सावाँ ब्याज भुक्तानीका लागि छुट्याएको ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ बजेटमध्ये ८५.३७ प्रतिशत खर्च गरेको छ ।

## सम्पादकीय...

# असारे विकासमा जवाफदेहिता खोई ?

असार महिना सकिन लाग्दा सिरहामा विकास निर्माणका गतिविधि एकाएक तीव्र बनेका छन् । वर्षभर सुस्त देखिने योजना कार्यान्वयन असार लागेपछि भने दौडधुपमा परिणत हुने पुरानै प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाएको छ । विकासको नाममा आर्थिक वर्षको अन्त्यतिर हुने यही हतारो नै ...असारे विकास' को रूपमा परिचित छ । जसले विकासभन्दा बढी प्रश्न र आशंका जन्माउने गरेको छ । सिरहा नगरपालिकाले पनि सवा करोड रुपैयाँभन्दा बढी लागतमा सलहेश दरबार परिसर क्षेत्रमा सडक आरसीसी ढलानको ठेक्का दिएको छ । ऐतिहासिक तथा धार्मिक महत्व बोकेको यस क्षेत्रको पूर्वाधार विकास स्वागतयोग्य विषय हो । तर विकासको गति मात्र होइन, त्यसको गुणस्तर, दिगोपना र प्राविधिक मापदण्डप्रतिको प्रतिबद्धता अझ महत्वपूर्ण हुन्छ । सडक आरसीसी ढलान गर्दा कुन मापदण्ड अपनाइयो ? वर्षायाममा ढलान गर्दा गुणस्तर कसरी सुनिश्चित गरिन्छ र निर्माणपछि यसको आयु कसरी सुरक्षित हुन्छ भन्ने विषयमा सम्बन्धित निकायले नागरिकलाई स्पष्ट जानकारी दिनुपर्छ । सार्वजनिक बजेटबाट हुने काममा पारदर्शिता र सूचना प्रवाह नागरिकको अधिकार हो ।

सडक निर्माण सिमेन्ट र गिट्टी बिछ्याउने काम मात्र होइन । यो सार्वजनिक सम्पत्तिको निर्माण हो । त्यसैले हतारमा गरिने निर्माणले भविष्यमा पुनः मर्मत, थप बजेट खर्च र नागरिकलाई सास्ती मात्र थप्ने जोखिम रहन्छ । वर्षाको समयमा गरिने ढलानमा आवश्यक प्राविधिक सावधानी नअपनाइए सडक चाँडै भत्किने, चर्किने वा गुणस्तर कमजोर हुने सम्भावना बढ्छ । त्यसको प्रत्यक्ष असर राज्यको लगानी र जनविश्वास दुवैमाथि पर्छ । वास्तवमा असारे विकासको समस्या सिरहामा मात्र सीमित छैन । स्थानीय सरकारदेखि विभिन्न सरकारी कार्यालयसम्मले योजना समयमै तयारी नगर्ने, ठेक्का प्रक्रियामा ढिलाइ गर्ने, नियमित अनुगमन नगर्ने र अन्तिम समयमा बजेट सक्ने मानसिकता राख्ने प्रवृत्तिका कारण हरेक वर्ष असारमा विकास निर्माणको अस्वाभाविक चाप देखिने गरेको छ । यस्तो प्रवृत्तिले विकासलाई उपलब्धिभन्दा खर्चको प्रतिस्पर्धामा सीमित बनाइदिएको छ ।

सार्वजनिक निकायले आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने होइन, वर्षभर योजनाबद्ध रूपमा गुणस्तरीय विकास गर्ने संस्कार बसाल्नुपर्छ । त्यसका लागि समयमै योजना छनोट, ठेक्का व्यवस्थापन, नियमित प्रगति समीक्षा, प्रभावकारी प्राविधिक अनुगमन र निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने प्रणाली आवश्यक छ । नागरिकको करबाट सञ्चालित योजनामा हरेक रुपैयाँको हिसाब र हरेक संरचनाको गुणस्तर सुनिश्चित गर्ने दायित्व सम्बन्धित निकायको हो । सलहेश दरबार परिसरको सडक ढलान होस् वा नगरभित्रका अन्य विकास आयोजनाहरु त्यो कसरी वर्षौंसम्म सुरक्षित र उपयोगी रहने विषय नै महत्वपूर्ण हो । त्यसैले अहिले आवश्यक कुरा भनेको कामप्रतिको जवाफदेहिता हो । स्थानीय सरकार, प्राविधिक टोली, निर्माण व्यवसायी र अनुगमनकर्ताको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गरेमा विकासप्रति नागरिकको विश्वास बलियो बन्न सक्छ ।

## औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं ।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं ।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं ।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं ।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** लामो समयदेखि रोकिएका अधुरा कामहरू सजिलै सम्पन्न हुनेछन् ।

**बृष :** व्यापार-व्यवसायमा नयाँ योजनाहरू बन्नेछन् र सोचे अनुरूपको नाफा कमाउन सकिनेछ ।

**मिथुन :** लामो दूरीको धार्मिक वा व्यावसायिक यात्राको योग बन्नेछ । अध्यात्म र सामाजिक कार्यमा रुचि बढ्नेछ ।

**कर्कट :** खानपानमा विशेष ध्यान दिनुहोला, स्वास्थ्यमा सामान्य गडबडी आउन सक्छ ।

**सिंह :** जीवनसाथीसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ र उहाँको सहयोगले ठुलो काम बन्न सक्छ ।

**कन्या :** कार्यक्षेत्रमा देखिएका बाधाहरू हट्नेछन् र अड्किएका कामहरूले गति लिनेछन् ।

**तुला :** आजको दिन बुद्धि, विवेक र क्षमता प्रदर्शन गर्ने राम्रो अवसर मिल्नेछ ।

**वृश्चिक :** घरपरिवारमा सानातिना कुरामा मतभेद हुन सक्ने भएकाले धैर्यता राख्नुहोला ।

**धनु :** दाजुभाइ तथा दिदीबहिनीहरूसँगको सम्बन्ध मधुर बन्नेछ र उनीहरूबाट सहयोग पनि मिल्नेछ ।

**मकर :** आजको दिन आर्थिक दृष्टिकोणले निकै बलियो र उत्तम रहनेछ । आकस्मिक धन लाभको योग छ र बचतमा वृद्धि हुनेछ ।

**कुम्भ :** आज तपाईंको व्यक्तित्वमा निखार आउनेछ । मन प्रसन्न, शान्त र प्रफुल्लित रहनेछ ।

**मीन :** अनावश्यक यात्रा वा काममा समय र धन खर्च हुने योग छ ।



राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## मधेश प्रदेश सरकारविरुद्ध प्रतिपक्षी ..........

यादव नेतृत्वको सरकार सरुवा-बढुवा र कमिसनमै केन्द्रित रहेको आरोप लगाए । प्रदेशका गौरवका आयोजनालाई बेवास्ता गर्दै स्वदेशी पोषण कार्यक्रमका नाममा करोडौं रुपैयाँ विनियोजन गरेर व्यापक भ्रष्टाचारको बाटो खोलिएको उनले दाबी गरे ।

जसपा नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले मुख्यमन्त्री यादवले आफ्नै पालिकामा नियमविपरीत करोडौं रुपैयाँका योजना समावेश गरेको आरोप लगाए । विशेष अनुदानका नाममा १३६ वटै स्थानीय तहमा एउटै प्रकृतिका पोषण कार्यक्रम समावेश गरी सेटिङका आधारमा भ्रष्टाचार गर्ने उद्देश्यले बजेट ल्याइएको उनले दाबी गरे । महतोले प्रस्तुत बजेटलाई अव्यावहारिक, असन्तुलित, निराशाजनक, दिशाहीन तथा भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खालको भएको टिप्पणी गरे ।

त्यसैगरी, जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारले बजेटमा व्यापक सुधार नगरे प्रदेशसभाको आगामी प्रक्रिया अघि बढ्न नदिने चेतावनी दिए । विपक्षी दलहरूकै अवरोधका कारण अहिलेसम्म प्रदेशसभामा बजेटमाथि छलफलसमेत सुरु हुन सकेको छैन ।



माँ भगवति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाइहरु सुपथ मूल्यमा पाईन्छ ।

# असन्तुष्ट छ रास्वपाभित्रको मधेश




**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २१ गते**

राष्ट्रिय स्वतन्त्र पार्टीका मधेशी नेता तथा सांसदहरू पछिल्लो समय निकै असन्तुष्ट देखिएका छन् । पछिल्लो समय प्रतिनिधि सभाको बैठकमा सोही पार्टीका सांसद पुरुषोत्तम यादवले दिएको अभिव्यक्ति अहिले चर्चाको विषय बनेको छ ।

आखिर मधेशमा एकपछि अर्को नेता किन असन्तुष्ट बन्दै गएका छन् ?

रास्वपाकै मधेशका नेता तथा सांसदहरूले सरकारको आलोचना गर्न थालेका छन् । डा. अमरेशकुमार सिंहले सुरु गरेको आलोचना मनिष झा हुँदै पुरुषोत्तम यादवले पनि सुरु गरे । पार्टी तथा सरकारप्रति मधेशमा तीव्र असन्तुष्टि बढेको छ । यसले पुष्टि गर्छ कि मधेशमा उकुसमुकुस छ ।

जनकपुरका प्राध्यापक डा. भोगेन्द्र झाले भने, 'मधेशमा मात्र होइन, उत्पीडित हरेक समुदायमा उकुसमुकुस छ । यो जुनसुकै बेला भड्किन सक्छ र यसको संकेत पार्टीकै मधेशी नेताहरूले संसद्मा देखाइसक्नुभएको छ ।' रास्वपाका सांसद पुरुषोत्तम यादवले संसद्मा पछिल्लो समय दिएको अभिव्यक्तिले धेरै कुराको संकेत गरेको उनले बताए ।

देशभरमै मधेशले रास्वपालाई सबैभन्दा बढी मत दिएको छ । मधेश प्रदेशका ३२ सिटमध्ये ३० सिट रास्वपाले जितेको छ । मतको हिसाबले त ३१ वटा जितेको थियो । मधेशले यति धेरै मत दिंदा पनि त्यसलाई पार्टीले महत्त्व नदिएको गुनासो हुन थालेको छ ।

रास्वपा मधेश प्रदेशका एक नेताले भने, 'सरकार बालेनका दुई-चार जना साथीले चलाइरहेका छन् भने पार्टी रविको सीमित टोलीले चलाइरहेको छ, बाँकीको काम छैन त्यहाँ ।' रास्वपालाई मधेश चाहिँदैन भन्ने कुरा चितवनमा सम्पन्न पहिलो महाधिवेशनले पुष्टि गरेको बताउँदै उनले पदाधिकारीमा एक जना मधेशी नआउनु, केन्द्रीय सदस्यमा पनि खुलाबाट नआउनुले पार्टीमा मधेशको स्थान कहाँ छ भन्ने पुष्टि गरेको बताए ।

सरकारले अहिले धमाधम नियुक्ति गरिरहेको छ तर मधेशसँग सोधपुछ पनि छैन । मधेश प्रदेशका रास्वपाका एक सांसदले भने, 'सरकारले अहिले विभिन्न निकायमा नियुक्तिहरू गरिरहेको छ तर मधेशका हामीजस्ता नेताहरूसँग एकपटक पनि कुनै विषयमा सल्लाह लिँदैनन् । सोध्न जाँदा प्रतिक्रिया पनि दिँदैनन् ।'

प्रधानमन्त्री बालेन र पार्टीका सभापति रवि लामिछानेको सल्लाहमा मात्र नियुक्ति हुने गरेको बताउँदै उनले विज्ञापन गरेर नियुक्ति गरेको भन्नु भ्रममा पार्ने कुरा मात्र भएको र बालेन तथा रविले जसलाई चाहन्छन्, त्यसैको नियुक्ति हुने दाबी गरे ।

केन्द्रीय सदस्य तथा पदाधिकारी मनोनयन गर्न बाँकी रहेकाले त्यसमा पार्टीले के निर्णय गर्छ, त्यो हेरेर मात्र कुनै निर्णय लिने ती सांसदले बताए ।

चुनावका समयमा रवि र बालेनले मधेशी नेताहरूसँग छलफल गर्थे तर अहिले कुनै प्रकारको सोधखोज छैन । चितवनमा भएको महाधिवेशनमा रवि र बालेनले जसजसलाई टोलीमा ल्याउन खोजे, उनीहरू मात्र आए, अरूको कुनै सोधखोज भएन ।

रास्वपामा शीर्ष नेतृत्वमध्ये एक नेता थिए मनिष झा, तर उनलाई महाधिवेशनबाट फालियो ।

साहित्यकार धिरेन्द्र प्रेमर्षीले भने, 'लोकतन्त्रमा जित र हार दुवै स्वाभाविक प्रक्रिया हुन् । चुनाव लड्नेहरूमा जित्ने विश्वास जति चाहिन्छ, हारलाई सहजै पचाएर पुनः ऊर्जा ग्रहण गर्ने सामर्थ्य पनि त्यति नै आवश्यक हुन्छ, र त्यो कुरा मनिष झामा देखिएको छ ।' मनिष झा हारेर पनि जितेको उल्लेख गर्दै उनले महाधिवेशनमा पराजित भएर पनि मनिष झाको अन्य नेताको तुलनामा बढी चर्चा हुनु नै उनको जित भएको बताए ।

चुनाव जितेपछि झा मन्त्री बन्ने लगभग निश्चित थियो । उनले आफैँ चुनावी अभियानका क्रममा ठाउँठाउँमा मन्त्री बन्ने कुरा बताएका थिए । तर उनलाई मन्त्री बनाइएन ।

उनी मात्र होइन, जेनजी आन्दोलनमा योगदान दिएका मधेश प्रदेशका शिव यादव, पुरुषोत्तम यादव र बब्लु गुप्तामध्ये कसैलाई पनि मन्त्री बनाइएन । चुनावका समयमा टिकट लिएर चुनाव जितेकाहरूलाई मन्त्री बनाइएको छ । सिरहा-४ बाट चुनाव जितेका तपेश्वर यादव रास्वपाको स्थापनाकालदेखि नै पार्टीमा सक्रिय थिए तर उनलाई पनि मन्त्री बनाइएन ।

मधेश प्रदेशका एक नेताले भने, 'यी सबै हेर्दा पार्टी कसले चलाइरहेको छ भन्ने पत्तो छैन । हरेक पार्टी कुनै न कुनै प्रणालीबाट चलेको हुन्छ, नीति, नियम र विधानका आधारमा चलेको हुन्छ, तर रास्वपाको आफ्नै ताल छ । एक-दुई जना नेताले जे भन्छन्, त्यही हुन्छ ।'

सरकारले १०० दिन पूरा गरेको छ, तर मधेशमा संगठन पनि बनेको छैन, नेताहरू पनि असन्तुष्ट छन् । यसको अर्थ पार्टीको प्राथमिकतामा मधेश छैन । प्राध्यापक झाले भने, 'विगतका दलहरूले गरेको भ्रष्टाचार तथा कुशासनप्रतिको आक्रोशको फाइदा रास्वपालाई भएको हो । तर जसले रास्वपालाई मत दियो, आज उसैले पश्चाताप गरिरहेको छ । खासगरी मधेशमा यसको आलोचना भइरहेको छ ।'

# जलवायु परिवर्तनको असर कम गर्न किसानलाई विषादीरहित खेतीतर्फ आकर्षित गर्दै सडक नाटक



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**

जलवायु परिवर्तनको बढ्दो असर न्यूनीकरण गर्दै किसानलाई विषादीरहित तथा जलवायु मैत्री खेतीतर्फ आकर्षित गर्न सिरहा र सप्तरीका विभिन्न गाउँमा जनचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ ।

केयर नेपाल र राष्ट्रिय कृषक समूह महासंघ नेपालको आर्थिक सहयोग तथा मीता मिडिया प्रालिको आयोजनामा सञ्चालित 'जलवायु मैत्री गाउँ परियोजना' अन्तर्गत आयोजना गरिएको सडक नाटकमार्फत रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोग, बाली अवशेष जलाउने, प्लास्टिकको बढ्दो प्रयोग र गोबरबाट गुइँठा बनाएर बाल्ने जस्ता अभ्यासले जलवायु परिवर्तनलाई थप तीव्र बनाउनुका साथै माटो, वातावरण र मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याइरहेको सन्देश दिइएको हो ।

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका र भगवानपुर गाउँपालिका तथा सप्तरीको अग्निसाइर कृष्णासवरन र रुपनी गाउँपालिकाका विभिन्न स्थानमा प्रदर्शन गरिएको नाटकमा किसानलाई जैविक मल, गोबर मल, हरियो मल तथा स्थानीय स्रोतमा आधारित दिगो कृषि प्रणाली अपनाउन प्रेरित गरिएको थियो । नाटकले माटोको उर्वराशक्ति संरक्षण, पानीका स्रोतको जगेर्ना, जैविक विविधताको संरक्षण तथा हरियाली प्रवर्द्धनमार्फत जलवायु परिवर्तनको असर कम गर्न सकिने सन्देशसमेत प्रवाह गरेको थियो ।

कार्यक्रममा करिब एक हजार किसान, महिला, युवा, जनप्रतिनिधि तथा स्थानीयवासीको सहभागिता रहेको थियो। नाटकपछि गरिएको अन्तरक्रियामा सहभागीहरूले रासायनिक विषादीको प्रयोग घटाउने, पराल नजलाउने, प्लास्टिकको प्रयोग कम गर्ने, गोबर तथा हरियो मलको प्रयोग बढाउने र वातावरण संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

आयोजकका अनुसार स्थानीय भाषा, संस्कृति र जनजीवनसँग जोडेर प्रस्तुत गरिएको सडक नाटकले समुदायमा जलवायु परिवर्तनका असरबारे चेतना बढाउनुका साथै विषादीरहित खेती र वातावरण संरक्षणप्रति सकारात्मक व्यवहार परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।

कार्यक्रमले स्थानीय सरकार, कृषक समूह र समुदायबीच जलवायु अनुकूल कृषि प्रणाली विस्तार तथा हरियाली संरक्षणका लागि सहकार्य थप मजबुत बनाएको आयोजकको विश्वास छ ।

# गाउँकै युवाले सार्वजनिक स्थानमा अपमानित गर्दै भिडिओ बनाएर हालेपछि बालिकाले रोजिन् मृत्यु

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २१ गते**



पछिल्लो समयमा सामाजिक सञ्जालमा व्यक्तिगत गोपनीयता र सामाजिक मूल्य-मान्यतालाई धज्जी उडाइँदै गरिने पोस्टहरूले कतिपय महिलालाई जीवन-मरणकै अवस्थामा पुर्‍याइरहेका छन् । मधेशका महिलाको हकमा त यो समस्या झनै विकराल बनिरहेको छ ।

सामाजिक सञ्जालमा भ्यूज, लाइकका लागि गरिएको पोस्टका कारण सामाजिक मानमर्दन सहन नसकेर एक बालिकाले मृत्युको बाटो रोजेकी छन् । घटना हो, गत असार १६ गते बाराको कलैया उपमहानगरपालिका- २१ भौडाहको ।

गाउँकै केही युवाले बालिकालाई चौरमा युवकसँग बसेको निहुँमा सार्वजनिक रूपले अपमानित गरेको भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेर भाइरल बनाएपछि यो दुखद परिणाम आएको हो ।

अपमान र मानसिक दबाब सहन नसकेर १३ वर्षीया सरिया खातुनले आत्महत्या गरेको परिवारजनको भनाइ छ । बारास्थित जिल्ला प्रहरी कार्यालयका अनुसार सरिया आफ्नै घरमा झुन्डिएको अवस्थामा भेटिएकी थिइन् ।

घटनापछि परिवारले इलाका प्रहरी कार्यालय, सिमरामा जाहेरी दिएको छ । जाहेरीका आधारमा प्रहरीले सात जना युवाविरुद्ध आत्महत्या दुरुत्साहनको कसुरमा मुद्दा दर्ता गरेको छ । एक जनालाई नियन्त्रणमा लिइएको छ भने अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरी र स्थानीयका अनुसार असार १५ गते सरिया गाउँ नजिकैको चौरस्थित खेतमा एक युवकसँग बसिरहेकी थिइन् । त्यही बेला गाउँकै केही युवाको समूह त्यहाँ पुगेको थियो । उनीहरूले 'केटासँग किन बसेको रु' भन्दै सरियामाथि गालीगलौज सुरु गरेका थिए ।

परिवारजनका अनुसार ती युवाले सरियामाथि कुटपिट र दुर्व्यवहार समेत गरे । सरियामाथि भइरहेको दुर्व्यवहारको दृश्य उनीहरूले मोबाइलमा खिचे । त्यसपछि उक्त भिडियो सामाजिक सञ्जालमा पोस्ट गरियो । केही घण्टामै भिडियो गाउँ-समाजभरि फैलियो ।

परिवारजनका अनुसार चौरमा भएको दुर्व्यवहारभन्दा बढी चोट भिडियो भाइरल भएपछि सरियाले भोग्नुपर्‍यो । गाउँमै अपमानित बनाइएको दृश्य मोबाइल-मोबाइलमा पुग्यो ।

आफूमाथि गालीगलौज, धम्की र कुटपिट भइरहेको दृश्य सार्वजनिक भएपछि उनी गहिरो तनावमा परेकी थिइन् । चौरमा घेरिनु एउटा हिंसा थियो भने त्यसलाई भिडियो बनाएर सामाजिक सञ्जालमा फैलाउनु त्यो भन्दा ठूलो हिंसा भइदियो ।

गाउँकै केही युवाले उनलाई सामाजिक कठघरामा उभ्याएपछि उनले अपमान सहन नसकी आत्महत्याको बाटो रोजेको परिवारजनको भनाइ छ । त्यसको भोलिपल्ट, असार १६ गते, सरिया आफ्नै घरमा झुन्डिएको अवस्थामा भेटिएकी थिइन् ।

परिवारले इलाका प्रहरी कार्यालय, सिमरामा किटानी जाहेरी दिएका छन् । जाहेरीमा घटनामा संलग्न युवामाथि कडा कारबाहीको माग गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय, बाराका सूचना अधिकारी प्रहरी निरीक्षक बलराम श्रेष्ठले घटनासँग सम्बन्धित एक जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको बताए । उनका अनुसार सरियाले आत्महत्या गरेको देखिए पनि त्यसको प्रत्यक्ष कारणबारे प्रहरीले अन्तिम निष्कर्ष निकालेको छैन ।

'घटनाबारे सबै कोणबाट अनुसन्धान भइरहेको छ,' श्रेष्ठले भने, 'मृतकले कुनै सुसाइड नोट वा स्पष्ट प्रमाण नछोडेकाले आत्महत्याको कारणबारे यकिन गर्न अनुसन्धान जारी छ ।'

उनका अनुसार परिवारको जाहेरी, सामाजिक सञ्जालमा फैलिएको भिडियो, स्थानीय बासिन्दाको बयान र घटनाको समयक्रमलाई आधार

बाँकी पृष्ठ ४ ▸▸

## भदौ २४ मा संलग्नविरुद्ध चलेको मुद्दाको सुनुवाइ ..............

सुनुवाइ पनि रोकिनेछ ।

तर विचाराधीन मुद्दाको सुनुवाइ रोक्ने वा अघि बढाउने भन्ने अदालतको क्षेत्राधिकार हो ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले अब केही दिनमै भदौ २४ को घटनासँग चलेका मुद्दा फिर्ता लिनेबारे अध्ययन गर्न कार्यदल गठन गर्ने तयारी भएको बताए । उनका अनुसार, अब बन्ने कार्यदलको कार्यादेश भने तय भइसकेको छैन ।

गृह मन्त्रालयले कार्यदललाई भदौ २४ को घटनाबारे अदालतमा विचाराधीन मुद्दा र अनुसन्धान चलिरहेको विषयमा अध्ययन गर्ने कार्यादेश हुनेछ ।

कार्यादेश गठन गर्ने तयारीसँगै गृह मन्त्रालयले महान्यायाधिवक्ता कार्यालयलाई मुद्दाको सुनुवाइ अघि नबढाउन सहजीकरणको माग गरी निवेदन दिएको हो ।

सरकार र जेनजी आन्दोलनकारीहरु विच गत मंसीरमा भएको सम्झौतामा आन्दोलनमा सहभागी भएकै कारण सकैमाथि मुद्दा चलेको भए सम्बन्धित निकायबाट विवरण झिकाउने र सम्झौताको १५ दिनभित्र छानविन गर्ने उल्लेख थियो ।

तर अदालतमा विचाराधिन विषयमा आफूहरु प्रवेश नगर्ने भन्दै गौरीबहादुर कार्की नेतृत्वको कार्यदलले यसवारे अध्ययन गरेको थिएन । अहिले भदौ २४ को विध्वंशमा संलग्न भएको आरोपमा दुई सयभन्दा बढी व्यक्तिमाथि विभिन्न अदालतमा मुद्दा चलिरहेको छ ।

त्यतिबेला जेनजी आन्दोलनकर्मीहरू सँगको सम्झौतामा ज्यान मार्ने कसुर, सुनियोजित र संगठित अपराध र त्यसमा संलग्नहरुमाथि दायर मुद्दाबाहेक अरुमा मात्रै अध्ययन गर्ने उल्लेख थियो ।



अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# अधिकृत कुटपिट मुद्दामा आठ नगर प्रहरीविरुद्ध मुद्दा



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २१ गते**

निगौल गाई गौशाला व्यवस्थापन कार्यालयकी प्रमुख कान्तिकुमारी पाण्डेलाई दुर्व्यवहार गर्दै हातपात गरेको आरोपमा नगर प्रहरीबिरुद्ध मुद्दा चलाइएको छ । गत विहीबार गाई गौशालाको मञ्जुरी विनै जग्गामा ढल निकास गर्न खाजेपछि रोक्न गएका पाण्डेलाई हातपात गर्दै दुर्व्यवहारको भिडियो सार्वजनिक भएपछि नगर प्रहरीलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय महोत्तरीले अपराधिक उपद्रव तथा हुलदंगा शीर्षकमा मुद्दा चलाइएको हो ।

निगौल गाई गौशाला व्यवस्थापन कार्यालयका प्रमुख कान्तिकुमारी पाण्डेलाई दुर्व्यवहार गर्दै हातपात तथा कुटपिट गरेको आरोपमा पक्राउ परेका आठ जना नगर प्रहरीलाई जिल्ला अदालतबाट म्याद थप गरिएको जनाएको छ। पाण्डेले प्रहरीमा दिएको जाहेरीको आधारमा पक्राउ परेका गौशाला नगरपालिकाका आठ जना नगर प्रहरीविरुद्ध मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक पञ्चलाल गेलेले जानकारी दिए ।

जिल्ला प्रहरीले नगर प्रहरीहरु लक्ष्मी नारायण चौधरी, जुलेरप्रसाद सिंह, रितुकुमारी, रमेश पासवान, राजेशकुमार महतो, पानबहादुर लामा, अजयकुमार यादव र चन्द्रिकाकुमारी चौधरीलाई पक्राउ गरी अपराधिक उपद्रव तथा हुलदंगा मुद्दा चलाएको हो। यस मुद्दामा दोषि ठहरिए (मुलुकी अपराध संहिता, २०७४) अनुसार आपराधिक उपद्रव तथा हुलदङ्गा गर्ने कसुरदारलाई १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ। थप नोक्सानी गरेमा वा सम्पत्तिमा क्षति पुऱ्याएको प्रमाणित भएमा कसुरदारबाटै क्षतिपूर्ति समेत भराइन्छ।

# प्रमुख धान उत्पादन क्षेत्र मधेशमै रोपाइँ सुस्त, असार तेस्रो सातासम्म १५ प्रतिशत मात्रै



**अपन दैनिक संवाददाता**
**सिरहा, असार २१ गते**

मनसुन सक्रिय हुन थाले पनि मुलुकको प्रमुख धान उत्पादन क्षेत्र मधेश प्रदेशमा धान रोपाइँले अपेक्षित गति लिन सकेको छैन । असारको तेस्रो सातासम्म प्रदेशको कूल धान खेतीयोग्य जमिनमध्ये १४.७३ प्रतिशत क्षेत्रमा मात्र रोपाइँ सकिएको छ । पर्याप्त वर्षा नहुँदा जिल्लाका अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन् भने यसले धान उत्पादनमा समेत असर पर्ने चिन्ता बढाएको छ।

कृषि विकास निर्देशनालय, मधेश प्रदेशका अनुसार असार १९ गतेसम्म प्रदेशका आठ जिल्लामा रहेका तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये ५९ हजार ८९५.०६ हेक्टरमा मात्रै रोपाइँ सम्पन्न भएको हो। जिल्लागत विवरणअनुसार सबैभन्दा बढी रोपाइँ सिरहामा भएको छ । त्यहाँ ५४ हजार हेक्टर धान खेतीयोग्य जमिनमध्ये २५ प्रतिशत अर्थात् १३ हजार ५०० हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । दोस्रो स्थानमा रहेको सप्तरीमा ६८ हजार हेक्टरमध्ये २४ प्रतिशत अर्थात् १६ हजार ३२० हेक्टरमा रोपाइँ सकिएको छ।

धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये १५ प्रतिशत अर्थात् ६ हजार ५५५ हेक्टर क्षेत्रमा धान रोपिएको छ । बारामा ४५ हजार १०० हेक्टरमध्ये १३ प्रतिशत (५ हजार ८६३ हेक्टर), महोत्तरीमा ४० हजार हेक्टरमध्ये १२.३७ प्रतिशत (४ हजार ९४८ हेक्टर) तथा पर्सामा ५३ हजार ९३८ हेक्टरमध्ये १२ प्रतिशत (६ हजार ४७२.५६ हेक्टर) क्षेत्रमा रोपाइँ सम्पन्न भएको निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

उनका अनुसार रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये ८.५ प्रतिशत अर्थात् ३ हजार २७२.५६ हेक्टर क्षेत्रमा मात्रै रोपाइँ भएको छ भने सबैभन्दा कम सर्लाहीमा ४२ हजार ६९५ हेक्टरमध्ये आठ प्रतिशत अर्थात् ३ हजार ४१५ हेक्टर क्षेत्रमा मात्र धान रोपिएको छ। निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ।

त्यसमध्ये तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा प्रत्येक वर्ष धान खेती गरिन्छ । बागवानी विकास अधिकृत विश्वकर्माले मनसुन सक्रिय भएसँगै रोपाइँले क्रमशः गति लिन थालेको बताए । उनका अनुसार आगामी केही दिन नियमित वर्षा भए प्रदेशभर रोपाइँको गति उल्लेखनीय रूपमा बढ्ने अपेक्षा गरिएको छ । पर्याप्त वर्षा भएका जिल्लामा किसान खेत तयारीसँगै रोपाइँमा व्यस्त छन् भने वर्षा न्यून भएका क्षेत्रमा अझै आकाशे पानीकै भर पर्नुपर्ने अवस्था रहेको उनले बताए।

# स्थानीयको अवरोधपछि रोकिएको वीरगन्ज सडक बिस्तारको काम अझै सुरु भएन

**अपन दैनिक संवाददाता**
**पर्सा, असार २१ गते**




स्थानीयको अवरोधपछि रोकिएको शुक्रबार साँझदेखि रोकिएको वीरगञ्जको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र परेका घर तथा संरचनामा डोजर चलाउने अभियान आइतबार पनि सुचारु हुन सकेन ।

विवाद समाधानका लागि शनिबार गर्ने भनिएको सरोकारवाला निकायको बैठक पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल बाहिर रहेकाले हुन सकेको छैन।

सडक डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर तथा वीरगञ्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादले बैठकका लागि कार्यालयका डिई किरण कार्की समेत शनिबार आएकोमा प्रजिअ दाहालको अनुपस्थितिका कारण सम्पन्न हुन नसकेको बताए।

अब सोमबार कार्यालय खुलेको दिन बैठक गर्ने तयारी गरिएको उनले बताए। विवाद समाधान नगरी काम गर्दा पटक पटक समस्या आउने र डोजर अपरेटहरु पनि असुरक्षित महशुस गर्ने भएकाले थप एक दिन बैठकका लागि प्रतिक्षा गरिएको उनले बताए।

इन्जिनियर प्रसादले डोजर, तिनका चालक र आफू पनि वीरगन्जमा तयारी अवस्थामा बसेको बताए । डोजर अब कुनै पनि हालतमा नफर्कने पनि उनले दाबी गरे। कुनै पनि बेला काममा जानुपर्ने भएकाले आफूहरु तयारी अवस्थामा बसेको उनले बताए।

सडक डिभिजन कार्यालय हेटौंडाले शुक्रबार दिउँसो करिब १ बजेदेखि त्रिभुवन राजमार्गअन्तर्गत वीरगञ्जको मुख्य सडक क्षेत्रमा सडक सीमा अतिक्रमण गरी बनेका संरचना हटाउने अभियान सुरु गरेको थियो। कृषि औजार कारखानासम्मका संरचना हटाइसकेपछि सोही दिनको साँझ करिब ५ बजे बहुअरी क्षेत्रका स्थानीयले डोजर सञ्चालनमा अवरोध गरेपछि अभियान रोकिएको हो।

स्थानीयले वीरगञ्ज महानगरपालिकासँग आवश्यक समन्वय नगरी सडक विस्तारको काम अघि बढाइएको भन्दै यस विषयमा सरोकारवाला निकायबीच छलफल जारी रहेकाले तत्काल डोजर चलाउन नदिने अडान लिएका थिए।

सडक डिभिजन कार्यालय हेटौंडाले असार ५ मा वीरगञ्ज महानगरपालिकालाई पत्राचार गर्दै त्रिभुवन राजमार्गअन्तर्गत सिरसिया-मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्म सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाउने कार्यमा सहयोग गर्न अनुरोध गरेको थियो। महानगरबाट अपेक्षित समन्वय हुन नसक्दा त्यसबेला अभियान अघि बढ्न सकेको थिएन।

यसअघि पनि कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक सीमाभित्र रहेका संरचना स्वयं हटाउन अन्तिम समयसीमा दिएको थियो। गत वैशाख ६ र ७ मा पहिलो चरणमा सडक विभागले मुख्य सडक क्षेत्रका करिब १२ सय घर तथा भवनमा डोजर चलाएको थियो । त्यसक्रममा अधिकांश संरचनाको अगाडिको भाग हटाइएको थियो भने सडक सीमाभित्र परेका बाँकी संरचना २५ दिनभित्र आफैँ हटाउन सम्बन्धितलाई आग्रह गरिएको थियो। तर तोकिएको समयसीमा बितिसक्दा पनि धेरै संरचना यथावत् रहेपछि विभागले दोस्रो चरणको हटाउने अभियान सुरु गरेको हो।

## उपसभामुख ठाकुर ३१ असारमा ............

नेतृत्वको प्रतिनिधिमण्डल तथा ल्हासास्थित नेपाली महावाणिज्यदूत निरौला सहभागी हुने कार्यक्रम छ। यद्यपि, उपसभामुखको तिब्बत भ्रमणबारे नेपाल र चीन दुवैले सार्वजनिक गरिसकेका छैनन्।

## गाउँकै युवाले सार्वजनिक स्थानमा ............

बनाएर सात जनाविरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरिएको हो। एक जना पक्राउ परिसकेका छन् भने अन्य फरार आरोपितको खोजी भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सामाजिक सञ्जालमा फैलिएको भिडियो अनुसन्धानको महत्त्वपूर्ण आधार बनेको छ। भिडियोमा केही युवाले बालिकालाई घेरेर गालीगलौज गरिरहेको, धम्क्याइरहेको र अपमानजनक व्यवहार गरिरहेको देखिन्छ । परिवारजनले भने भिडियोमा देखिएकोभन्दा बाहिर पनि कुटपिट र दुर्व्यवहार भएको दाबी गरेका छन्।

# गणेशमान चारनाथका ३२८ परिवारले पाए गाउँब्लक जग्गाको लालपुर्जा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २१ गते**



धनुषाको गणेशमान चारनाथ नगरपालिकामा गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ । पुस्तौंदेखि भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वबाट वञ्चित गणेशमान चारनाथ नगरपालिका वडा नं ६ का ३२८ परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको हो।

गोदारमा आयोजित एक कार्यक्रमबीच नापी कार्यालय धनुषाले उनीहरुलाई लालपुर्जा वितरण गरेको हो । साबिक तल्लो गोदार गाविस वडा नम्बर ३,४,५ र ६ मा वर्षौंदेखि गाउँब्लक जमिन भोगचलन गर्दै आएका परिवारलाई लालपुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेश साहले बताए।

उनले गाउँब्लक जग्गाको नापनक्सा तथा सबै कानुनी प्रक्रिया पुरा गरी लालपुर्जा वितरण गरिएको बताउँदै लालपुर्जा प्राप्तिपछि ती परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरे।

कार्यक्रममा गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले पुस्तौंदेखि भोगचलन गर्दै आएको गाउँब्लक जग्गाको स्वामित्व प्राप्तिका लागि वडाध्यक्षको लामो संघर्ष र कर्मचारीको निरन्तर प्रयासको कारण लालपुर्जा वितरण सम्भव भएको बताए। उनले नगरभित्र अझै बाँकी रहेका यस्ता समस्या पनि क्रमिक रूपमा समाधान गर्दै जाने प्रतिबद्धता व्यक्त गरे।

लालपुर्जा प्राप्त गरेका स्थानीयवासीले लामो समयदेखि भोजचलन गर्दै आएको जग्गामा कानुनी अधिकार प्राप्त भएको भन्दै खुशी व्यक्त गरेका छन् । लामो समयदेखि कानुनी स्वामित्व नहुँदा जग्गा किनबेच, बैंकबाट ऋण लिनेदेखि अन्य प्रशासनिक काममा समस्या भोग्दै आएका स्थानीयले लालपुर्जा पाएपछि राहत महसुस गरेका हुन्।

## असार लागेपछि मधेश प्रदेशको खर्चमा तीव्र ............

भएको देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनका जानकारहरूले यस्तो प्रवृत्तिले खर्चको गुणस्तर, पारदर्शिता र प्रभावकारितामा असर पार्ने तथा हतारमा गरिने भुक्तानीले विकास आयोजनाको गुणस्तरसमेत प्रभावित हुन सक्ने भन्दै सुधारको आवश्यकता औंल्याउँदै आएका छन्।

मन्त्रालयगत खर्चतर्फ अर्थ मन्त्रालयले सबैभन्दा बढी ५३.७१ प्रतिशत बजेट खर्च गरेको छ। सबैभन्दा कम खर्च गर्ने मन्त्रालय खेलकुद तथा समाज कल्याण मन्त्रालय रहेको छ, जसले हालसम्म ९.९३ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ।

त्यस्तै वन तथा वातावरण मन्त्रालयले ४६.३८ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ३८.९७ प्रतिशत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ३६.२९ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३१.२१ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले २८.७९ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले २८.५६ प्रतिशत तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २८.३६ प्रतिशत बजेट खर्च गरेका छन्।

यस्तै शिक्षा तथा संस्कृति मन्त्रालयको खर्च २६.४७ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको १९.६० प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ११.०२ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

सूचना अधिकारी कर्णका अनुसार प्रदेश सरकारका विभिन्न योजना तथा कार्यक्रमको भुक्तानी असार २५ गतेसम्म हुने भएकाले आगामी केही दिनमा खर्चको प्रतिशत अझै बढ्ने सम्भावना रहेको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका